# कम्पनी रजिष्ट्रारको कार्यालय

## त्रिपुरेश्वर, काठमाडौ

### सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा कम्पनी तथा ट्रष्ट सेवा प्रदायकहरुलाई जारी गरिएको निर्देशन, २०७९

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ र सो अन्तर्गत बनेका नियमावलीहरुको प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले कम्पनी रजिष्ट्रारको कार्यालय (यसपश्चात कार्यालय भनिएको) लाई कम्पनी वा ट्रस्ट सेवा प्रदायकहरुको नियमनकारी निकाय तोकेकोमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प.को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा २ को खण्ड (ढ) को देहाय (५) बमोजिमको कार्य गर्ने कम्पनी वा ट्रष्ट सेवा प्रदायक (सूचक संस्था) हरुलाई मिति २०७९/०४/०१ देखि लागू हुने गरी देहाय अनुसारको निर्देशन जारी गरिएको छ ।

**१.** सम्पत्ति शुद्धीकरण (मी लाउन्डरिङ) निवारण ऐन, २०६४ तथा यस संग सम्बन्धित प्रचलित नेपाल कानुन कार्यान्वयनको सन्दर्भमा कम्पनी वा ट्रष्ट सेवा प्रदायक (सूचक संस्था) को पहिचान र उक्त सूचक संस्थाहरुको जिम्मेवारीलाई निम्न वमोजिम परिभाषित गरिएको छ ।

**१.१ सूचक संस्थाको मान्यता**

क) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ढ) को देहाय (५) बमोजिमको कार्य गर्ने गरी कार्यालयमा रितपूर्वक अनुमति लिई संचालनमा आएका कम्पनी वा ट्रष्ट सेवा प्रदायकहरु

ख) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ढ) को देहाय (५) बमोजिमको कार्य गर्ने, यस कार्यालयको नियामकको रुपमा तोकिएको कार्यक्षेत्र भित्र पर्न जाने अन्य संस्थाहरु । यस उपदफा वमोजिमका संस्थाहरुले यो निर्देशन जारी भएको तीन महिना भित्र स्वयं घोषणा गरी कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

ग) जोखिममा आधारित प्रणालीको अवलम्वन गर्दै कार्यालयले समय समयमा सूचक संस्थाको सूची परिमार्जन गर्न सक्नेछ ।

**१.२. सूचक संस्थाको प्रमुख कार्यहरु तथा दायित्व**

क) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४, तथा यस संग सम्बद्ध अन्य नेपाल कानुनले सूचक संस्थाको लागि तोकेको समग्र जिम्मेवारी निर्वाह गर्नु सूचक संस्थाहरुको कर्तव्य तथा प्रमुख जिम्मेवारी हुनेछ ।

ख) उपदफा (क) को प्रयोजनको लागि जोखिममा आधारित प्रणालीको अवलम्वन गरी कम्पनी संस्थापना एवं शेयर खरिद विक्रीको क्रममा सीमा कारोवार तथा संकास्पद कारोवारको जानकारी सम्बन्धित निकायमा दिने तथा उक्त कार्यहरु सम्पादन गर्ने क्रममा आवश्यकता अनुसार वास्तविक धनीको पहिचान गर्ने र कानुनले तोकेको निकायमा त्यसको जानकारी गराउने दायित्व सूचक संस्थाहरुको हुनेछ । सूचक संस्थाहरुले कार्यालयमा त्यसको आवधिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**२.** दफा (१) वमोजिम तोकिएका सूचक संस्थाहरुले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ ले सूचक संस्थाहरुको लागि तोकेको जिम्मेवारी र कर्तब्य पालना गर्नेछन् । सूचक संस्थाहरुले वित्तीय जानकारी इकाईले तोकेको ढाँचा, माध्यम र समयमा ग्राहक पहिचान एवं वर्गीकरण गरी जोखिम मुल्यांकन र विश्लेषण समेतका आधारमा शंकास्पद कारोबारको सूचना दिनुपर्ने छ । यस्तो कार्य गर्न सूचक संस्थाहरुले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ तथा नियमावलीमा भएका व्यवस्थाहरु वमोजिम संस्थागत तथा नीतिगत प्रवन्ध (अन्तरिक कार्यविधि समेत) स्वयं

मिलाउनुपर्ने छ । यस कार्यमा कार्यालयले आवधिक रुपमा तालिम, अनुशिक्षण एवं अभिमुखीकरण कार्यक्रमहरु संचालन एवं कार्यविधि तर्जुमा गरी सहयोग गर्नेछ।

३. यस निर्देशन बमोजिम गर्न भनिएका कार्यको परिपालनाको विषयमा कार्यालयले समय- समयमा सम्बन्धित सेवा प्रदायकहरुको निरीक्षण, अनुगमन गर्नेछ । यसरी अनुगमन वा निरीक्षण गर्दा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मा भएको व्यवस्था अनुसारको जिम्मेवारी र सोको परिपालना एवं वित्तीय जानकारी इकाईले जारी गरेको सीमा कारोबार तथा शंकास्पद कारोबार सम्बन्धी निर्देशन तथा मार्गदर्शनलाई आधार मानी गरिनेछ ।

४. सूचक संस्थाहरुले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ र सोहि ऐन बमोजिम बनेको नियमावली, वित्तीय जानकारी इकाईबाट समय समयमा जारी गरिएका निर्देशन एवं मापदण्ड तथा यस निर्देशन बमोजिम तयार वा पेश गरेका शंकास्पद कारोबारको प्रतिवेदनको सूचना वा जानकारी वित्तीय जानकारी इकाई बाहेक अन्य कसैलाई दिने-दिलाउने कार्य गरेमा ऐनको दफा ४४क वा प्रचलित कानून बमोजिम सजाय हुनेछ । यद्यपि, आफुले प्रतिवेदन वा सूचना गरेका शंकास्पद कारोवारको विवरण भने अर्धवार्षिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. सूचक संस्थाहरुले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ र सोहि ऐन बमोजिम बनेको नियमावली, वित्तीय जानकारी इकाईका निर्देशन र मापदण्डहरु साथै यस निर्देशन अनुसार सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी प्रणालीको व्यवस्थापन गर्दा Financial Action Task Force (FATF), FATF Style Regional Bodies (FSRB), कम्पनी प्रशासन सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने अन्तराष्ट्रिय संस्थाद्वारा प्रकाशित प्रतिवेदन तथा प्रकाशनहरुलाई आधार मान्न सक्नेछ ।

६. सूचक संस्थाहरुले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ तथा यसै ऐन बमोजिम बनेको नियमावली तथा यस निर्देशन अनुसार काम कारवाही नगरेमा ऐनको दफा ७फ. आकर्षित हुन सक्नेछ ।

७. यस निर्देशनमा भएका विषयका सम्बन्धमा अस्पष्ट वा दुविधा भएका विषयहरु सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

**मितिः २०७९/०४/०१**

( महेश बराल )
रजिष्ट्रार